# हिलिहाङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पञ्चमी, पाँचथर, १ नं. प्रदेश, नेपाल

मिति: २०७४।११।६

यस गाउ कार्यपालिकाको लागि Solar Power System आपूर्ति र जडान गर्नुपर्ने भएको हुदा इच्छुक उत्पादक कम्पनी तथा अधिकृत विक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्गहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

१. गत आ.व. मा नविकरण सहितको इजाजत पत्र, कर चुक्ता प्रमाणपत्र, अधिकृत विक्रेता प्रमाण, आयकर/मु.अ.करमा दर्ता प्रमाणहरुको प्रतिलिपि सेलग्न खारी निवेदन दिइ दस्तुर रु १०००। पछि फिर्ता नहुने गरि बुझाइ यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकनिछ।
२. यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरि सोह्रौ दिनको १२ वजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ।
३. सिलबन्दि दरभाउपत्र फाराम पेश गर्दा दरभाउपत्र दाताको ग्राहयता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।
४. सिलबन्दि दरभाउपत्र फाराम राखिएको खाम बाहिर कार्यालयको नाम र Installation ISPS in ward office आपूर्ति सम्वन्धी दर भाउ पत्र भन्ने शव्द लेखि शिलबन्दि गरिएको हुनुपर्ने छ।
५. यसरी दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र १६ औ दिनको २ बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ। दरभाउपत्र दाताहरु अनुपस्तिथ रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
६. शिलबन्दी दरभाउपत्र पेश गर्ने ले धरौटी रकम वापत यस कार्यालयको ने.बै.लि. फिदिम स्थित धरौटी खाता न०६७०३०००००००३००००८. दाखिला गरेको सक्कलै बैङक भौचर वा यस कायालयको नाममा नेपाल सरकाकरबाट मान्यता प्राप्त बैङक बाट ७५ दिनको मान्य अवधि रहने गरि जारि भएको बैङक जमानत -वैङक ग्यारेन्टी पेश गर्नुपर्ने छ, धरौटी रकम नगद जम्मा गर्नेको नाममा अनिवार्य रुपमा कम्पनी वा फर्मको नाम लेख्नुपर्ने छ र कुनै व्यक्तिको नाममा जम्मा भउको धरौटी मान्य हुने छैन।
७. शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत दरभाउपत्र दाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङकको सा.ख. नियमावली २०६४ को नियम ११० बमोजिम हुनेगरि धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैङक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैङकले जारी गरेका कार्यसम्पादन जमानत पेश गरि दरभाउपत्र स्वीकृत भएको सात दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुन पर्ने छ।
८. शिलवन्दी दरभाउ पत्रमा उल्लेखित परिमाणको Installation ISPS in ward office आपूर्ति गर्ने प्रयोजनार्थ गउ कार्यपालिकाको कार्यालय पंचमी र यसका वडा कार्यालय पांचथरको गोदाम सम्म ढुवानी गर्नुपर्ने छ।
९. कबोल रकम उल्लेखित गर्दा तोकिए बमोजिम लेख्नुपर्ने छ, अङक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
१०. कुनै शर्त राखी पेश गरिएको शिलबन्दी दरभाउ पत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।
११. सूचनाको सर्त विपरीत भएको कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
१२. सूचनामा उल्लेख भएकोमा सोहि बमोजिम र अन्यको हकमा सा.ख. ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ।
१३. थप बुझनु परेमा फोन न ९८५२६८४४७७ मा सम्पर्क राख्न सक्नुहुने छ।
१४. खरिद गरिने विद्युत पोल आपूर्तिको प्राविधिक स्पेसिफिकेशन सम्बन्धी बिवरण विड डकुमेन्टमा सलग्न राखिने छ।
१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नूपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ

आपूर्ति गर्नुपर्ने सामान:

| ठेक्का नम्बर | कामको विवरण | मु.अ.कर र ढुवानी समेत ल.इ. रकम रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|
| HRM/ISPS/SQ/G/ 01-2074/075 | Installation ISPS in ward office | ७९०७२०। | १५८१५। | |